# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
## टंगाल, काठमाडौं

मिति: २०७६।०४।१५ गते

# प्रेस विज्ञप्ति

### विषय: घुस रकम सहित नियन्त्रणमा।

-----------------------------------------------------

जिल्ला प्रशासन कार्यालय, बाराका नायब सुब्बा सनोज महतोले पुरानो मुद्दाको पेशी चढाई चाँडै मुद्दा सकिदिने भनी विभिन्न बहाना बनाइ सेवाग्राहीसँग घुस/रिसवत माग गरिरहेको भन्ने सूचना एवं उजुरीको आधारमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय हेटौंडा, मकवानपुरबाट खटिई गएको टोलीले निज नायब सुब्बा सनोज महतोलाई सेवाग्राहीसँग रू.१०,०००।— (अक्षरुपी दश हजार मात्र) घुसबापतको रकम लिइसकेको अवस्थामा उक्त घुस रकम सहित जिल्ला प्रशासन कार्यालय, कलैया, बारास्थित निजको कार्यकक्षबाट रङ्गेहात नियन्त्रणमा लिई अनुसन्धान भइरहेको छ ।

(प्रदीपकुमार कोइराला)
प्रवक्ता